नेपाली राजदूतावास
मस्कट, ओमान
سفارة النيبال
مسقط - سلطنة عمان
Embassy of Nepal
Muscat, Sultanate of Oman

visit Nepal 2020 Lifetime Experiences

# प्रेस विज्ञप्ति

ओमानका लागि नेपाली राजदूत महामहिम सर्मिला पराजुली ढकालज्यूले आज ओमानका वातावरण तथा पर्यावरण मन्त्री महामहिम मोहम्मद विन सलिम विन सेद अल टूवीज्यूलाई वहाँको कार्यकक्षमा भेटी काठमाडौंमा २-४ अप्रिल, २०२० मा आयोजना हुन गईरहेको "सगरमाथा सम्वाद" कार्यक्रममा सहभागी हुनको लागि नेपालका परराष्ट्र मन्त्री माननीय प्रदीप कुमार ज्ञवालीज्यूले पठाउनुभएको निमन्त्रणा पत्र हस्तान्तरण गर्नुभयो।

उक्त अवसरमा महामहिम राजदूत सर्मिला पराजुली ढकालज्यूले "सगरमाथा सम्वाद" को उद्देश्य, छलफल गरिने विषयबस्तु तथा अन्य क्षेत्र तथा देशहरूबाट पाल्नुहुने सहभागीहरूको बारेमा प्रकाश पार्नुभयो। महामहिम मोहम्मद विन सलिम विन सेद अल टूवीज्यूले निमन्त्रणाको लागि धन्यवाद दिँदै नेपालमा हुन गईरहेको "सगरमाथा सम्वाद" को सफलताको लागि अग्रिम शुभकामना व्यक्त गर्नुभयो। महामहिम टूवीले "सगरमाथा सम्वाद" कार्यक्रममा आफ्नो सहभागिताको सुनिश्चितता गर्दै उक्त अवसरमा नेपालको विविध स्थलको अवलोकन भ्रमणको समेत इच्छा जाहेर गर्नुभयो। महामहिमज्यूहरुले भेटघाटको क्रममा वातावरण तथा पर्यावरणको क्षेत्रमा नेपाल र ओमानबीच सम्भावित समझदारी तथा समन्वयको विषयमा समेत छलफल भयो।

उक्त अवसरमा राजदूतज्यूका श्रीमान् श्री विमल ढकाल र मन्त्रालयका पदाधिकारीहरूको पनि उपस्थिति रहेको थियो।

५ फेब्रुअरी, २०२०
नेपाली राजदुतावास, मस्कट, ओमान।

नेपाली राजदूतावास
मस्कट, ओमान

Shatti Al-Quram, P.O.Box 517, PC116, Villa No.2294, Way No.2830, Tel: +968 24696177, Fax : +968 24696772, Email: eonmuscat@mofa.gov.np